## मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०८२/०८३)




## मुख्य न्यायाधिवक्ताको कार्यालय

लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल




नेपाल सरकार
प्रदेश प्रमुख
KOSELEE

माननीय प्रदेश प्रमुख श्री कृष्णबहादुर घर्तीमगर ज्यू

समक्ष

मुख्य न्यायाधिवक्ता

श्री यमलाल खनालले

पेश गरेको

आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक प्रतिवेदन

मुख्य न्यायाधिवक्ताको कार्यालय

लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल

# मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८२/०८३)


प्रकाशित संख्या : २०० प्रति

प्रकाशित मिति : २०८३/०५/१६

सम्पादन : कार्यालय प्रमुख (उपन्यायाधिवक्ता) ऋषि केशव बश्याल
शाखा अधिकृत इन्दु बसेल
सहायक न्यायाधिवक्ता रेग बहादुर विष्ट
सहायक न्यायाधिवक्ता शारदा कुमारी घिमिरे

टाइपिङ्ग : कविता चौधरी

सहयोग : गोविन्द अधिकारी
वीरेन्द्र कुमार लाल दास
का.स. राम प्रसाद पाण्डे
का.स. विनु रेग्मी

प्रकाशक : मुख्य न्यायाधिवक्ताको कार्यालय
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल

फोन : ०८२-५९०४४२, ५९०४४६

वेभ साइट : www.oca.lumbini.gov.np

ई-मेल : ca.province5@gmail.com

लेआउट सेटिङ्ग : पारस वर्मा/९८४७२६६७६८

मुद्रण : आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस
बुटवल उप-महानगरपालिका-६, पुरानो बसपार्क
फोन नं.: ०७१-५५३२९३, ९८५७०३५३८०



**यमलाल खनाल**
मुख्य न्यायाधिवक्ता



**ऋषि केशव बश्याल**
कार्यालय प्रमुख (उपन्यायाधिवक्ता)



**इन्दु बसेल**
सहायक न्यायाधिवक्ता



**रेग बहादुर बिष्ट**
सहायक न्यायाधिवक्ता



**शारदा कु. घिमिरे**
सहायक न्यायाधिवक्ता



**गोविन्द अधिकारी**
लेखापाल



**वीरेन्द्र कु. लाल दास**
वरिष्ठ प्रशासन सहायक



**कविता चौधरी**
कम्प्युटर अपरेटर



**डोल ब. थापा मगर**
हलुका सवारी चालक



**मधु खनाल**
हलुका सवारी चालक



**बिनु रेग्मी**
कार्यालय सहयोगी



**राम प्रसाद पाण्डे**
कार्यालय सहयोगी

# स्थापनाकाल देखि हालसम्मका मुख्य न्यायाधिवक्ताज्यूहरु



**श्री ठाकुर प्रसाद डि.सी.**
(२०७४/११/२३ देखि २०७८/०४/२७)



**श्री श्रीकृष्ण सुवेदी**
(२०७८/०५/०४ देखि २०७९/०९/२७)



**श्री खुमकान्त पौडेल**
(२०७९/१०/२९ देखि २०८०/०१/१५)



**प्रा.डा. श्री बुद्धबहादुर थापा क्षेत्री**
(२०८०/०२/०८ देखि २०८०/१२/२६)



**श्री तिर्थराज ज्ञवाली**
(२०८१/०२/२१ देखि २०८१/०४/२३)

# मुख्य न्यायाधिवक्ताको कार्यालय

लुम्बिनी प्रदेश

राप्ती उपत्यका (देउखुरी), नेपाल


प.सं.: २०८२/०८३ मितिः २०८२/०५/

च.नं.:

माननीय प्रदेश प्रमुख ज्यू
प्रदेश प्रमुखको कार्यालय
लुम्बिनी प्रदेश, बुटवल।

**विषय : आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

नेपालको करिव ७० वर्षको संवैधानिक अभ्यास पछि २०७२ असोज ३ गते मात्र संविधान सभाबाट संविधान जारी भयो। नेपालको सामाजिक, आर्थिक र राजनितिक विकासको क्रम सँगसँगै संवैधानिक विकासको इतिहास क्रमशः विकसित र सुधार हुँदै आएको थियो। संविधान सभा मार्फत समाजवाद उन्मुख नेपालको संविधान अनुसार संघीयता कार्यान्वयनमा आएको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित संघीय शासन व्यवस्थालाई आत्मसाथ गरेको छ। देशमा जनचाहना अनुसार सुशासन कायम हुनुपर्छ भनी २०८२/५/२३ मा जेन्जी आन्दोलन भयो तर त्यसको रापमा २४ गते देशभर सरकारी सम्पत्तिमा आगजनी, लुटपाट र ध्वंश गर्ने समूहले राष्ट्रलाई ठुलो क्षति पुऱ्याउने काम भयो। जसको प्रत्यक्ष असर यस कार्यालयको काममा समेत पर्न गयो। देशको मध्ये भागमा पर्ने गौतम बुद्धको जन्मस्थल रहेको लुम्बिनी प्रदेशको सुशासन, विकास र समृद्धिसँगै नेपाललाई समृद्ध मुलुक बनाउने र विश्व सामु चिनाउने दायित्व यस प्रदेशमा रहेको छ। प्रदेश सरकारको सफलताको आधार सुशासन र विकास नै हो। सुशासन र विकासको लागि प्रदेश सरकारको भूमिका प्रभावकारी हुँदै गइरहेको छ।

संविधानको धारा १६० मा प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ ले मुख्य न्यायाधिवक्तालाई थप जिम्मेवारी प्रदान गरेको छ। नागरिकहरुको जनविश्वास कायम गर्दै मुलुकको आर्थिक, सामाजिक, मानविय विकास हासिल गर्नु आजको टड्कारो आवश्यकता रहेको छ । यसको लागि संविधान, कानून, विधिको शासन, मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र स्थापित न्यायिक मूल्य र मान्यताका आधारमा संघीयता र संविधानको कार्यान्वयनमा एक अति महत्वपुर्ण निकायका रुपमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहेको छ। यिनै विषयलाई आत्मसाथ गरी मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी


☎ ०८२-५९०४४२, ५९०४४६ website: www.oca.lumbini.gov.np e-mail: ca.province5@gmail.com

सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार, प्रदेश सरकारका निकाय र अन्य अधिकारीलाई कानूनी राय दिने तथा प्रदेश सरकारको हित र सरोकारका मुद्दा मामिलामा सर्वोच्च अदालत लगायतका अदालतहरुमा सशक्त रुपमा वहस पैरबी र प्रतिरक्षा गरी प्रदेश कानून कार्यान्वयन गर्न सहजीकरण गर्ने, सरकारको नीति र योजना सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिम्मेवारी संविधान र कानूनले प्रदान गरेको छ। मुख्य न्यायाधिवक्तालाई अन्तरप्रदेश र संघीय सरकारसँग समेत सरोकार रहने मुद्दाहरु र कानूनी प्रश्नमा महान्यायाधिवक्ता कार्यालय र अन्य प्रदेशका मुख्य न्यायाधिवक्ताहरुसँग समन्वय र छलफल गरी प्रभावकारी रुपमा प्रतिनिधित्व गर्ने तथा प्रदेशका साझा सवाल र अधिकारका सूचीहरुको विषयमा प्रदेशका हक हितको पक्षमा समेत कार्य गर्दै आएको अवस्था छ।

मुख्य न्यायाधिवक्ताको कार्यालयले वार्षिक रुपमा सम्पन्न गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र प्रदेश प्रमुख समक्ष पेश गर्ने कानूनी व्यवस्था रहेको छ। मुख्य न्यायाधिवक्ता कार्यालयले आर्थिक वर्ष २०८२/०८३ मा विगतका वर्षहरुको तुलनामा धेरै कार्यहरु गर्न सफल भएको छ। जसमा वार्षिक कार्य योजना बनाई कार्य संचालन गरेको र योजना अनुसार प्रायः सबै कार्यहरु सम्पन्न भएका छन्। प्रदेश सरकार र मातहतका कार्यालयहरुबाट माग गरिएका सबै राय तत्काल उपलब्ध गराइएको छ। मुद्दा प्रतिरक्षालाई छिटो छरितो। बनाउन, आर्थिक मितव्ययीता कायम गर्न र समय अनुकुल प्रविधिको प्रयोग गर्ने लक्ष्य अनुरुप कार्यलय भवन मै मुद्दा वहस कक्ष स्थापना गरी Online वहस संचालन गरिएको छ। यस आ.व.मा विगतको तुलनामा अधिक मुद्दा फैसला गराउन सफल भएको र फैसलाहरुमा ६८ % सफलता प्राप्त भएको छ। स्थापना कालदेखि मुख्य न्यायाधिवक्ता कार्यालयको आफ्नै भवन अभाव भई काममा समस्या रहेकोमा यस आ.व. बाट आफ्नै कार्यालय भवन (साविक आर्थिक मामिला तथा योजना मन्त्रालय रहेको भवन) बाट स्थायी रुपमा दैनिक कार्यहरु संचालन हुँदै आएको छ। मुद्दाका फाइलहरु कम्प्युटर E-file system मा व्यवस्थित गरिएको छ। अदालतमा चलेका मुद्दाहरुबाट संघीयताको मर्म र भावना अनुकुल संविधानको अनुसुची-६ को एकल अधिकारको सूचीमा प्रष्ट व्याख्याहरु भई कर्मचारी प्रशासन राजस्व संकलन लगायतका विषयमा सर्वोच्च अदालतको संयुक्त इजलास, पुर्ण इजलास र संवैधानिक इजलासबाट नजिर निर्माण भएका छन्। जसको परिणाम राजस्व संकलनमा सहज भएको छ। लोक सेवा आयोगले स्वतन्त्र भएर वार्षिक तालिका अनुसारका कार्य गर्दै आएको छ। समग्रमा भन्नुपर्दा विगतका आर्थिक वर्षहरुको तुलनामा धेरै सुधार परिवर्तन भएको छ। प्रदेश सरकार मन्त्रालय र कार्यालयलाई काममा धेरै सहजता मिलेको छ। यी सूचक नै संविधान कार्यान्वयनका कडी हुन भने मुख्य न्यायाधिवक्ताको संवैधानिक औचित्य पुष्टि हुँदै गइरहेको छ।

मुख्य न्यायाधिवक्ता कार्यालयले प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा विभागीय प्रमुख कानून सँग सम्बद्ध जनशक्तिलाई निर्णय क्षमताको स्तरीयता र विकास तथा मुद्दामा स्तरीय प्रतिरक्षाको लागि विषय विज्ञहरुबाट स्तरीय परिक्षण समेत उपलब्ध गराउँदै आएको छ। प्रदेश कानूनको स्तरीयता सुधार र संबोधनको आवश्यक सुझाव र प्रतिवेदन समेत उपलब्ध गराएको छ। प्रदेश अन्तर्गतका न्यायिक

समिति, अन्तरपालिकाहरुलाई कानून सुधार र सेवाको स्तरीयता एकरुपता कायम गर्न सहजीकरण गर्दै आएको छ। प्रदेश भित्र रहेका कारागार, हिरासत समेतको अनुगमन मुख्य न्यायाधिवक्ताबाटै गर्ने गरी महान्यायाधिवक्तासँगको छलफलबाट दोहोरोपन हटाइएको छ र प्रदेश भित्र मानव अधिकार संरक्षण गर्ने कार्यमा अनुगमनलाई प्रभावकारी बनाइएको छ। प्रदेश भित्र रहेका संघीय तथा स्थानीय तहहरू बिच संघीयताको मर्म र भवना अनुसार कानूनी विषयमा सहजीकरण र सहकार्यताको विकास गरी प्रदेश सरकारको महत्व स्थापित गर्ने कार्य भइरहेको छ।

उपरोक्त कार्य अघि बढाउने सिलसिलामा प्रदेश सरकारका निकायहरुको सहयोग भूमिका रहदै आएको छ तथापि मुख्य न्यायाधिवक्ता कार्यालयले प्राप्त गर्न खोजेका लक्ष्य अनुसार काम गर्न संघीय सरकारले एकल सूचीका विषय पुर्ण रुपमा हस्तान्तरण नगर्न तथा साझा सूचीका विषयमा समयमा कानून निर्माण नगर्दा समेत संघीयताको मर्म अनुसार काममा कठीनाई भइरहेको छ। प्रदेश सरकारका निकायहरुको मुद्दा प्रतिरक्षामा स्तरीयता कायम हुन सकेको छैन, कुनै पनि कानूनी समस्या वा मुद्दाको प्रतिरक्षा सम्बन्धी स्तरीयता कायम गर्न र प्रमाण समयमा मिसिल उपलब्ध गराउन अझै पनि समन्वयको कमी रहेको देखिन्छ।

सम्बन्धित मन्त्रालय र पदाधिकारीहरुबाट यस कार्यालयका माग र सुझावहरुको महत्त्व प्रति उचित ध्यान नपुगेका कारण काममा चाहेजति सफल नमिल्ने र असहजता श्रृजना हुने, तोकिएको समयमा कामको प्राप्तिमा असहजता भइरहेको छ। आशा छ यी समस्या पुन दोहोरिने छैन। तथापि सिमित साधन र श्रोतको अनेक चुनौतीका सामना गर्दै मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयले जिम्मेवारी र जवाफदेहिता प्रति सचेत भई प्रभावकारी रुपमा काम गरिरहेको छ।

मुख्य न्यायाधिवक्ताको काममा सहयोग पुऱ्याउनु हुने यस प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, प्रदेश सभाका पदाधिकारीहरु तथा कर्मचारीहरु, सरोकारवाला सबैमा आभार प्रकट गर्दछु। आगामी समयको लागि मार्ग दर्शन र सुभेक्षा सहित प्रतिवेदन प्रस्तुत गर्ने समय व्यवस्थापनाका लागि प्रदेश प्रमुख ज्यू प्रति आभार प्रकट गर्दै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ बमोजिम प्रतिवेदन प्रस्तुत गर्दछु।

यमलाल खनाल<br>
मुख्य न्यायाधिवक्ता<br>
लुम्बिनी प्रदेश<br>
राप्ती उपत्यका देउखुरी नेपाल

# विषय सूची

**परिच्छेद १**

१.१ मुख्य न्यायाधिवक्ता एवं मुख्य न्यायाधिवक्ताको कार्यालयको परिचय १

१.२ मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तव्य, अधिकार १

१.३ संगठनात्मक स्वरुप ३

१.४ विद्यमान कानूनी व्यवस्था ५

**परिच्छेद २**

२.१ प्रतिनिधित्व एवं प्रतिरक्षा ६

२.२ कानूनी राय ७

**परिच्छेद ३**

३.१ आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न कार्यक्रमहरु ९

३.२ लुम्बिनी प्रदेशमा रहेका हिरासत तथा कारागारहरुको अनुगमन १७

३.३ प्रदेश प्यारोल तथा प्रोवेशन समिति गठन तथा संचालन ३१

**परिच्छेद ४**

४.१ मुख्य न्यायाधिवक्ताहरुको राष्ट्रिय सम्मेलन ३२

४.२ अन्य प्रदेशबाट मुख्य न्यायाधिवक्ताहरुको भ्रमण ३५

**परिच्छेद ५**

५.१ आय व्ययको विवरण ३६

५.२ आन्तरिक लेखा परिक्षण ३६

५.३ अन्तिम लेखा परिक्षण ३७

५.४ बेरुजुको अवस्था ३७

**परिच्छेद ६**

६.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका सबल पक्ष ३८

६.२ चुनौती तथा समस्याहरु ४०

६.३ समस्या समाधानको लागि अपनाउनु पर्ने उपायहरु ४१

६.४ निष्कर्ष ४४

परिच्छेद-१

# परिचय

## १.१ मुख्य न्यायाधिवक्ता एवं मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० (१) मा महान्यायाधिवक्ता मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था रहेको छ। संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको संवैधानिक दायित्व रहेको छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक व्यवस्था छ । संविधान अनुसार मुख्य न्यायाधिवक्ताको नियुक्ति मुख्यमन्त्रीको सिफारिस प्रदेश प्रमुखबाट हुने, मुख्यमन्त्रीले चाहेको अवधिसम्म पदमा बहाल रहने, मुख्यमन्त्रीमार्फत प्रदेश प्रमुखसमक्ष लिखित राजीनामा दिन सक्ने, मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गर्ने रहेको व्यवस्था रहेको पाइन्छ । मुख्य न्यायाधिवक्ताको कार्यालय मिति २०७५ चैत्र २ गते स्थापना भई सुरुवाती दिनमा लुम्बिनी प्रदेशको अस्थायी मुकाम बुटवलमा कार्यालय रहेकोमा स्थायी राजधानी दाङ (देउखुरी) मा मिति २०७९ मंसिर २८ गतेदेखि कायम स्थायी राजधानी लुम्बिनी प्रदेश देउखुरी दाङ स्थित आफ्नै भवनबाट कार्यालय सञ्चालन हुँदै आएको छ ।

## १.२ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार

नेपालको संविधान एवं मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य, अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ बमोजिम मुख्य न्यायाधिवक्ताको मुलत देहाय बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ;

- **प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार** : संवैधानिक वा कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह दिने ।
- **प्रतिनिधित्व एंव प्रतिरक्षाः** प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट सम्बन्धीत अदालत वा अन्य न्यायिक वा अर्धन्यायिक निकायमा उपस्थित भई वहस पैरवी र प्रतिरक्षा गर्ने ।
- **कानुनी राय** : प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने ।
- **लिखित जवाफहरु र सहजीकरण** : प्रदेश सरकारका निकायहरुबाट विभिन्न अड्डा अदालतहरुमा पेश हुने लिखित जवाफहरु यस कार्यालयमार्फत दर्ता गर्न सहजिकरण गर्ने ।
- **मानव अधिकारको संरक्षण** : प्रदेश सरकार मातहत रहेका हिरासत तथा कारागार कक्षमा रहेका कैदीबन्दीहरु उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने, र निर्देशन दिने ।
- **फैसला कार्यान्वयन** : प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश मन्त्रालय/ सचिवालय/ विभाग / निर्देशनालय तथा कार्यालयहरुलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने ।
- **वार्षिक प्रतिवेदन पेश गर्ने** : मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ता कार्यालयको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा प्रदेश प्रमुख समक्ष पेस गर्नु पर्ने ।

- **प्रदेश कानून निर्माण तथा कार्यान्वयनमा समन्वयः** प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।
- **प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको अध्यक्षः** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा प्रदेश स्तरीय प्यारोल र प्रोवेशन वोर्डको गठन गरी त्यसको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने ।

## १.३ संगठनात्मक स्वरुप

प्रदेश सरकारले स्विकृत गरेको संगठन संरचनामा सरकारी वकीलहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने र अन्य कर्मचारीहरुको व्यवस्थापन प्रदेश सरकारबाट हुँदै आएको छ ।


मुख्य न्यायाधिवक्ता
शाखा अधिकृत /व.शा.अ. सातौं/आठौं (न्याय/स.व.)-१
उपसचिव/व.उ.स नवौं/दशौं (न्याय/स.व.)-१
कानूनी राय तथा प्रतिरक्षा शाखा
शाखा अधिकृत/व.शा.अ. सातौं/आठौं (न्याय/स.व.)-१
व. प्रशासन सहायक/अधिकृत५/६ तह (प्रशासन/सा.प्र.)-१
कार्यालय सहयोगी, श्रेणी विहिन-१
करार सेवा
प्रशासन शाखा
शाखा अधिकृत/व.शा.अ. सातौं/आठौं
(न्याय/स.व.)-१
व. प्रशासन सहायक/अधिकृत (प्रशासन/सा.प्र.)-१
कम्प्युटर अपरेटर/ अधिकृत (विविध)-१
कार्यालय सहयोगी, श्रेणी विहिन -१
ह.स.चा., श्रेणी विहिन-१
आर्थिक प्रशासन शाखा
लेखापाल/अधिकृत (लेखा)
(प्रशासन/लेखा)-१

## १.४ विद्यमान कानूनी व्यवस्था

मुख्य न्यायाधिवक्ता कार्यालयको काम कर्तव्य र अधिकारलाई व्यवस्थित बनाउन देहायका कानुनी र नीतिगत व्यवस्थाहरु रहेका छन् ।

- नेपालको संविधान
- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य,अधिकार र सेवाका अन्य सर्त सम्बन्धि ऐन, २०७५
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- प्रदेश सुशासन ऐन, २०७६
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- सरकारी वकील सम्बन्धी नियमावली, २०७७
- लुम्बिनी प्रदेश सरकारको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट
- प्रदेश सरकारबाट निर्माण भई लागु रहेको सम्पुर्ण प्रदेश ऐन, नियम, निर्देशिका मापदण्ड, कार्यविधीहरु सबै

परिच्छेद-२

# प्रतिनिधित्व एवं प्रतिरक्षा

## २.१ प्रतिनिधित्व एवं प्रतिरक्षा

लुम्बिनी प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायहरुलाई विपक्षी बनाई विभिन्न अदालतहरुमा दायर हुन आएका मुद्दाहरुको  विवरण तथा यस आ.व. मा यस कार्यालयबाट वहस प्रतिरक्षा भई फछ्यौंट भएका मुद्दाहरुको अदालत अनुसारको विवरण यस प्रकार रहेको छः-

| अदालत | गत आ.व.बाट जिम्मेवारी सरी आएका लगत | यस आ.व. मा दर्ता भएको | २०८२ साउन देखि २०८३ असार मसान्त सम्म कूल जम्मा | यस आ.व.मा फछ्यौंट भएका | | | बाँकी रहे मुद्दा |
|---|---|---|---|---|---|---|---|
| | | | | जारी | खारेज /मुद्दा फिर्ता / तामेली | जम्मा | |
| सर्वोच्च | ८६ | ३१ | ११७ | १२ | ३३ | ४५ | ७२ |
| तुलसीपुर | ० | १८ | १८ | ६ | ७ | १३ | ५ |
| बुटवल | ३ | १७ | २० | २ | १५ | १७ | ३ |
| नेपालगंज | १३ | ५ | १८ | ९ | ७ | १६ | २ |
| प्रशासकीय अदालत | १ | २ | ३ | २ | १ | ३ | ० |
| बाँके जिल्ला अदालत | १ | ० | १ | ० | ० | ० | १ |
| नवलपरासी जिल्ला अदालत | १ | ० | १ | ० | १ | १ | ० |
| उच्च अदालत पाटन | ० | ६ | ६ | १ | ४ | ५ | १ |
| दाङ जिल्ला | ० | १ | १ | ० | ० | ० | १ |

| अदालत | गत आ.व.बाट जिम्मेवारी सरी आएका लगत | यस आ.व. मा दर्ता भएको | २०८२ साउन देखि २०८३ असार मसान्त सम्म कूल जम्मा | यस आ.व.मा फछ्र्यौट भएका | | | बाँकी रहेको मुद्दा |
|---|---|---|---|---|---|---|---|
| | | | | जारी | खारेज /मुद्दा फिर्ता / तामेली | जम्मा | |
| अदालत | | | | | | | |
| कूल जम्मा | १०५ | ८० | १८५ | ३२ | ६८ | १०० | ८५ |
| सफल ६८% | | | | असफल ३२% | | | |

## २.२ कानुनी राय

मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु कर्तव्य हुने भनि नेपालको संविधानको धारा १६० को उपधारा (५) बमोजिम संवैधानिक व्यवस्था रहेको छ । त्यसै गरी, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१)(ग) अनुसार प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्न र ऐ.को दफा ४(८) बमोजिम मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानुनी प्रश्नको सम्बन्धमा समेत राय व्यक्त गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। मौखिक र प्रत्यक्ष बाहेक लिखित रुपमा राय माग गरिएका र यस कार्यालयबाट आ.व. २०८२/०८३ मा प्रदान गरिएका कानूनी राय निम्न रहेका छन् ।

| क्र.स. | कानुनी राय माग गर्ने निकाय | राय माग गरेको मिति | राय दिएको मिति | राय दिएको सङ्ख्या |
|---|---|---|---|---|
| १ | कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल। | २०८२/०५/१५ | २०८२/०६/०२ | १ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी), नेपाल। | २०८२/०९/२९ | २०८२/०९/३० | १ |
| ३ | भौतिक पूर्वाधार विकास मन्त्रालयराप्ती उपत्यका (देउखुरी), नेपाल। | २०८२/०९/३० | २०८२/१०/१५ | १ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानून तथा संवैधानिक मामिला महाशाखा राप्ती उपत्यका (देउखुरी), नेपाल। | २०८३/०१/२८ | २०८३/०१/२९ | १ |
| | | | | ४ |

परिच्छेद-३

# सम्पन्न कार्यक्रमहरूको झलक

## ३.१ आर्थिक वर्ष २०८२/०८३ सम्पन्न कार्यक्रमहरुको झलक

| क्र.स | कार्यक्रम नाम | कार्यक्रम संचालन गरिएको | | | सहभागिताको संख्यात्मक अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | मिति | समय | स्थान | पुरुष | महिला | जम्मा | |
| १. | अन्तरप्रदेश अध्ययन / अनुगमन तथा अनुभव आदानप्रदान कार्यक्रम | २०८२।०७।२९ | | मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश | ६ | | ६ | |
| | | २०८२।०८।०१ | | महान्यायाधिवक्ताको कार्यालय | ६ | | ६ | |
| | | २०८२।०८।०२ | | मुख्य न्यायाधिवक्ताको कार्यालय बाग्मति प्रदेश | ६ | | ६ | |
| २. | मुख्य न्यायाधिवक्ताको बहस पैरवी, प्रतिनिधित्व र प्रतिरक्षाका सम्बन्धमा सरोकारवाला निकायहरुसंग अन्तरक्रिया कार्यक्रम | २०८२।०८।१४ | १०:३० | लुम्बिनी हल, प्रदेश राजधानी परिसर | ३६ | ८ | ४४ | सचिवहरु निर्देशनालय प्रमुख तथा विभागीय प्रमुख समेत सहभागी |
| ३. | स्थानीय न्यायिक समितिको क्षमता विकासका लागि दाङ जिल्लाका न्यायिक समितिका पदाधिकारी | २०८२/१०/२३ | ११:०० | घोराही उ.प.म.न.पा. दाङको सभाहल | ४२ | १६ | ५८ | |

| क.स | कार्यक्रम नाम | कार्यक्रम संचालन गरिएको | | | सहभागिताको संख्यात्मक अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | मिति | समय | स्थान | पुरुष | महिला | जम्मा | |
| | हरुसँग अन्तरसंवाद कार्यक्रम | | | | | | | |
| ४. | कानूनी शिक्षा तथा सचेतना कार्यक्रम | २०८३/०१/११ | ११:०० | रोल्पा न.पा. २ को सभा हल | ३५ | २६ | ६१ | |
| ५. | अन्तरप्रदेश बैठक | २०८३/०१/२० | ७:०० | मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश सुर्खेत | १५ | ७ | २२ | |
| ६. | लिखित जवाफ र कानूनी राय सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | २०८३/०२/०१ | ११:०० | लुम्बिनी हल, प्रदेश राजधानी परिसर | ३८ | ७ | ४५ | सरकारका निकायका कानून हेर्ने जनशक्ति समेत |
| ७. | कानूनी शिक्षा तथा सचेतना कार्यक्रम | २०८३/०३/१९ | ७:०० | बुटवल उ.प.म.न.पा.११ श्री नहरपुर मा.वि. | २५ | ३३ | ५८ | |
| ८. | प्रदेश कानूनको कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरु का विचमा अन्तर्क्रिया कार्यक्रम | २०८३/०३/२१ | ११:०० | रुकुमकोटको सिस्ने गाउँपालिकाको सभा हल | ४२ | ६ | ४८ | |
| ९. | कानूनी शिक्षा तथा सचेतना कार्यक्रम | २०८३/०३/२६ | २:०० | सन्धिखर्क न.पा. ७ श्री आदर्श मा.वि. अर्घाखाँची | ३९ | २७ | ६६ | |

❖ अन्तरप्रदेश अध्ययन / अनुगमन तथा अनुभव आदानप्रदान कार्यक्रमः




अन्तरप्रदेश कार्यक्रम मिति २०८२/०७/२८ देखि २०८२/०८/०२ गते सम्म

❖ मुख्य न्यायाधिवक्ताको बहस पैरवी, प्रतिनिधित्व र प्रतिरक्षाका सम्बन्धमा सरोकारवाला निकायहरुसंग अन्तरक्रिया कार्यक्रमः



प्रदेश राजधानी परिसर लुम्बिनी हल मिति २०८२/०८/१४ ।

❖ स्थानीय न्यायिक समितिको क्षमता विकासका लागि दाङ जिल्लाका न्यायिक समितिका पदाधिकारीहरुसँग अन्तरसंवाद कार्यक्रमः




घोराही उ.प.म.न.पा. दाङको सभाहल मिति २०८२/१०/२३ गते ।

## ❖ कानूनी शिक्षा तथा सचेतना कार्यक्रमः

रोल्पा जिल्लाका न्यायिक समिति प्रमुख एवं सदस्य र न्यायिक समितिमा निवेदन दिने निवेदनकर्ता समेतलाई सहजिकरणको साथै छलफल-अन्तरक्रिया कार्यक्रम।




रोल्पा सम्पन्न कार्यक्रम मिति २०८३/०१/११ गते ।

## ❖ अन्तर प्रदेश बैठकः




अन्तर प्रदेश बैठक मिति २०८३/०१/२० गते ।

❖ लिखित जवाफ र कानूनी राय सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमः




लुम्बिनी प्रदेश राजधानी लुम्बिनी हलमा मिति २०८३/०२/०१ गते ।

❖ कानूनी शिक्षा तथा सचेतना कार्यक्रमः




रुपन्देही बुटवलमा सम्पन्न कार्यक्रम मिति २०८३/०३/१९ गते ।

❖ प्रदेश कानूनको कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरुका विचमा अन्तर्क्रिया कार्यक्रम





रुकुमपूर्वमा सम्पन्न कार्यक्रम मिति २०८३/०३/२१ गते ।

## ❖ कानूनी शिक्षा तथा सचेतना कार्यक्रमः







अर्घाखाँचीमा सम्पन्न कार्यक्रम मिति २०८३/०३/२६ गते ।

## ३.२ लुम्बिनी प्रदेशमा रहेका हिरासत तथा कारागारहरुको अनुगमन

❖ पृष्ठभूमिः

अनुसन्धानको क्रममा हिरासतमा रहेको वा अदालतमा मुद्दा दायर भई थुनछेकको क्रममा थुनामा राखि मुद्दा पुर्पक्ष गर्ने गरी भएको आदेशबाट कारागार वा बाल सुधार गृहमा रहेका थुनुवा वा मुद्दा फैसला समेत भई कैद भुक्तानीको लागी थुनामा रहेका कैदीवन्दीहरुको थुनामा बस्दाको अवस्थामा कानून बमोजिम प्राप्त गर्ने सेवा सुविधा प्राप्त भएको छ वा छैन ? थुनुवा वा कैदमा बस्दा निजहरुलाई मानवोचित व्यवहार भएको छ वा छैन र मावन अधिकारको संरक्षण भएको छ वा छैन ? निजहरुलाई ऐन, नियम, निर्देशिका समेतले तोकि दिएको मापदण्ड अनुसारको वातावरण समेत उपलब्ध छ, छैन भनी अनुगमन गर्ने र मानव अधिकारको संरक्षण गर्न सहजीकरण तथा कारागार प्रशासनलाई सुझाव र सहजीकरण गर्ने जिम्मेवारी कानूनले उच्च अदालत, महान्यायाधिवक्ता कार्यालय र प्रदेश अन्तर्गत मुख्य न्यायाधिवक्ताको कार्यालय समेतलाई प्रदान गरेको पाइन्छ । कारागार अनुगमनको कार्य महान्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट दोहोरो (Over Lapping) अनुगमन हुदै आएकोमा महान्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ताहरुको संयुक्त बैठकको छलफलबाट एक द्धार प्रणालीको विकास र समन्वयात्मक रुपमा कार्य गर्ने निस्कर्ष अनुसार च.नं. १३२९ मिति २०८२।०९।२४ को महान्यायाधिवक्ता कार्यालयको पत्र अनुसार कारागारको अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालयहरुबाट गर्ने सोको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा प्रस्तुत गर्ने जिम्मेबारी यस कार्यालयको रहेको छ । सोही पत्र तथा मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार र अन्य सेवाका शर्त सम्बन्धी ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी यस लुम्बिनी प्रदेश अन्तर्गतका कारागार तथा हिरासत समेतको अनुगमनमा प्रदेशको मुख्य

न्यायाधिवक्ता र कार्यालयका कर्मचारीहरुको संयुक्त टोलीबाट अनुगमन भै आएको अवस्था छ ।

❖ **हिरासत कक्ष कारागार कार्यालय अनुगमनको क्षेत्र तथा लक्ष्यः**

भवन लगायतको संरचनाको भौतिक अवस्था, बिरामीको स्वास्थ्य परिक्षण र उपचार तथा खानपिनको अवस्था व्यवस्थापकीय पक्ष, आन्तरिक व्यवस्थापन र क्रियाकलाप, सुरक्षाको प्रवन्ध, थुनुवा कैदीको अभिलेख, बसोबासको अवस्था, श्रम, सीप र शिक्षा, सरसफाई र अनुसासन कायम जस्ता मुल आधारमा निर्देशिकाले तोकेको कानूनी दायरामा रही अनुगमन गर्ने गरिएको छ । अनुगमन गर्न जाँदा कानूनले तोकेको मापदण्ड अनुसार समन्वय गरी र आकस्मिक रुपमा समेत गर्ने विधि अवलम्बन गरिएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालयबाट अनुगमनको क्रममा तत्काल समाधान हुन सक्ने किसिमका समस्या सुधार गर्न सुझाव दिई तत्काल प्रभावकारी रुपमा सुधार हुँदै आएका र दीर्घकालीन समाधानको पहल गरी कैदी वन्दीको मानव अधिकारको संरक्षण गर्दै कारागार भित्र अनुशासन र सुशासन कायम गर्ने लक्ष्य रहेको छ । कारागार अनुगमनको छुट्टै प्रतिवेदन समेत तयार गर्ने गरएको छ ।

❖ **थुनुवा र कैदी वन्दीका अधिकार सम्बन्धि कानूनी व्यवस्थाः** हरेक थुनुवा, कैदी बन्दीलाई मानव मूल्य र मर्यादा अनुसार आदरपूर्वक व्यवहार गरिने, लिङ्ग, जातजाति, भाषा धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा भेदभाव नगरिने, उनीहरुको समुदायका धार्मिक आस्था वा सांस्कृतिक आचरणको सम्मान गर्नु पर्ने जस्ता व्यवस्थाहरु संयुक्त राष्ट्र संघको महासभाद्वारा घोषित थुनुवा प्रति गरिनुपर्ने व्यवहारका आधारभूत सिद्धान्तहरु, १९९० मा गरिएका छन् । कुनै पनि व्यक्तिलाई शारीरिक यातना नदिइने, क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा सजायनगरिने, कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देश निकालाको भागिदार नबनाईने लगायतका व्यवस्थाहरु संयुक्त राष्ट्रसंघीय मानव अधिकारको

विश्वव्यापी घोषणापत्र १९४८ मा उल्लेख गरिएको छ । कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना दिनु पर्ने, पक्राउ परेका व्यक्ति आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह गर्ने हक हुने, थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने तथा निजसँग निर्मम, अपमानजनक र अमानवीय व्यवहार नगरिने जस्ता व्यवस्थाहरु नेपालको संविधानमा रहेका छन् । यसैगरी मुलुकी सहिताहरु, प्रहरी ऐन, २०१२, बालबालिका सम्बन्धी ऐन,२०७५, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, सरकारी वकील सम्बन्धी नियमावली लगायतका कानूनहरुमा कैदी/बन्दीहरुलाई गरिनु पर्ने न्यूनतम मानवोचित व्यवहारका सम्बन्धमा व्यवस्था रहेका छन् । सर्वोच्च अदालतबाट विभिन्न समयमा भएका आदेश तथा निर्देशनहरुले समेत कैदी/बन्दीहरु प्रति मानवोचित व्यवहार गर्नु पर्ने कुराको प्रत्याभूति तथा मानव अधिकारको संरक्षण गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

❖ **निरिक्षण गरिएका कार्यालयहरु र थुनुवा तथा कैदी वन्दीको अवस्थाः**

लुम्बिनी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता यमलाल खनाल ज्यू समेतको अनुगमन टोलीले मिति २०८२/११/१४ गते रुपन्देही जिल्ला अन्तर्गतको कारागार कार्यालय भैरहवामा अनुगमन तथा निरिक्षण गरिएको, मिति २०८२/११/१७ गते कपिलवस्तु जिल्लाको कारागार कार्यालयको निरिक्षण गरिएको, मिति २०८२/११/२९ गते प्युठान जिल्लाको कारागार कार्यालयको निरिक्षण गरिएको, मिति २०८२/१२/०५ गते बर्दिया जिल्लाको कारागार कार्यालयको निरिक्षण गरिएको, मिति २०८२/१२/०६ गते बाँके जिल्लाको कारागार कार्यालय र नौवस्ता कार्यालयको निरिक्षण गरिएको, मिति २०८२/१२/२६ गते दाङ जिल्लाको कारागार कार्यालयहरुको निरिक्षण गरिएको, मिति २०८३/०१/०३ गते नवलपरासी जिल्लाको कारागार कार्यालयको निरिक्षण गरिएको, मिति २०८३/०१/११ गते रोल्पा जिल्लाको कारागार कार्यालयको निरिक्षण गरिएको, मिति २०८३/०१/२४ गते रुकुमपूर्व जिल्लाको हिरासतको निरिक्षण गरिएको, मिति २०८३/०३/०६ गते पाल्पा जिल्लाको कारागार कार्यालयमा निरिक्षण गरिएको र २०८३/०३/०७ गते गुल्मी र अर्घाखाँची जिल्लाको कारागारहरुको निरिक्षण गरिएको थियो । यस प्रदेश अन्तर्गतका

कारागारहरुमा रहेका कैदी बन्दी र थुनुवाहरुको क्षमता तथा हाल रहेको संख्या तपसिलको तालिकामा उल्लेख गरिएको छ । बाल सुधार गृहहरुमा आवश्यकता अनुसार र परिस्थिती जन्य अवस्थामा अनुगमन गर्ने गरिएको अवस्था छ ।

| कार्यालय | पुरुष क्षमता | महिला क्षमता | जम्मा हुनुपर्ने | हाल रहेको पुरुष | हाल रहेको महिला | जम्मा संख्या | बालबालिका (आश्रित) (अन्य) | फरक क्षमता व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|
| कारागार रुपन्देही | २५० | - | २५० | ६१५ | - | ६१५ | - | - |
| कारागार कपिलवस्तु | ३५२ | - | ३५२ | ३९२ | - | ३९२ | - | - |
| कारागार प्युठान | ३० | १० | ४० | ११४ | ६ | १२० | - | - |
| कारागार बर्दिया | १५० | २५ | १७५ | ३६४ | ६२ | ४२९ | ३ | - |
| कारागार बाँके | ३५० | - | ३५० | ८८६ | - | ८८६ | - | |
| कारागार नौवस्ता बाँके | - | - | १५०० बाल सुधार गृह समेत | ६९१ | - | ८२१ | १३० | - |
| तुलसीपुर कारागार | ३१० | ८५ | ४९५ | ३३८ | ५८ | ४०० | ४ | - |
| घोराही कारागार | १२५ | - | १२५ | ४२५ | - | ४२५ | - | - |
| कारागार नवलपरासी | १५० | २५ | १७५ | ४०५ | ५८ | ४६४ | १ | - |
| कारागार रोल्पा | | | ५० | ११२ | १० | १२२ | १ | - |

| कार्यालय | पुरुष क्षमता | महिला क्षमता | जम्मा हुनुपर्ने | हाल रहेको पुरुष | हाल रहेको महिला | जम्मा संख्या | बालबालिका (आश्रित) (अन्य) | फरक क्षमता व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|
| हिरासत रुकुमपूर्व | ८ | ५ | १३ | ६ | - | ६ | - | - |
| कारागार पाल्पा | १७५ | १५० | ३२५ | २२२ | १२ | २३४ | - | - |
| कारागार गुल्मी | २० | ५ | २५ | १०० | ६ | १०७ | १ | - |
| कारागार अर्घाखांची | १३० | २० | १५० | ८४ | ६ | ९० | - | १ |

❖ **तथ्याङ्क विश्लेषणः**

लुम्बिनी प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयको अनुगमन टोलीबाट अनुगमन गरिएका **कपिलवस्तुको कारागारको अवस्था** हेर्दा ज्यादै पुरानो जिर्ण भवन रहेको, क्षमता भन्दा बढी कैदीबन्दीको विद्यमानता रहेको, कम्पाण्ड वाल जिर्ण रहेको सेफ्टी टंकी नल व्यवस्थापनमा आवश्यक पहन गर्नुपर्ने देखिन्छ ।जिल्ला कारागार कार्यालय रुपन्देहीको अवस्था अनुगमन गर्दा क्षमता भन्दा बढी कैदी वन्दी रहेका, पुरानो जिर्ण भवन रहेको संचार अन्य सुविधा रहेको, सुत्नको लागि प्रयाप्त स्थानको अभाव रहेको, निकै साँघुरो अति गर्मी पंखा अभाव, शुद्ध पानी अभाव, गेट, दिवाल अति जिर्ण रहेको, नयाँ भवनको अति आवश्यक रहेको देखिन्छ । **प्युठान जिल्लाको कारागार कार्यालयको अवस्था** हेर्दा भवन पुरानो, क्षमता भन्दा बढी कैदी बन्दी रहेको, अन्य न्युनतम सुविधा प्राप्त भएको पाइन्छ । **कारागार कार्यालय बाँकेको अवस्था** हेर्दा असाध्यै जिर्ण भवन रही कैदी वन्दीहरु क्षमता भन्दा बढी रहेका, स्थानको अप्रयाप्तता, उपचार लगायत न्युनतम सेवा सुविधा प्राप्त रहेको, नयाँ भवन निर्माण गर्नुपर्ने देखिन्छ । **कारागार कार्यालय नौवस्ता** बाँकेमा नयाँ भवन वालहरु छुट्टाइएको प्रसस्त स्थान रहेको, बालसुधार गृह समेत साथै रहेको, कैदी वन्दीहरुले पाउनुपर्ने सवै सेवा सुविधा प्राप्त भएको, पानीको प्रयाप्तता र

स्वच्छता रहेको पाइन्छ । **बर्दियाको कारागार कार्यालयको अवस्था** हेर्दा भवन पुरानो क्षमता भन्दा बढी कैदी वन्दी रहेको, अन्य न्युनतम सुविधा प्राप्त भएको पाइन्छ । **दाङ जिल्ला घोराही कारागार कार्यालयको अवस्था** हेर्दा पुरानो भवन रहेको विस्तार गर्न स्थानको अभाव रहेको पुरुष वन्दी र थुनुवाहरु मात्र रहेको, २ वटा ब्लक रहेको, कैदी वन्दीहरुले पाउँनुपर्ने न्युनतम सेवा सुविधा प्राप्त रहेको, क्षमता भन्दा बढी कैदी वन्दी रहेको देखिन्छ । **नवलपरासी जिल्लाको कारागार** भवन पुरानो बाट चलि आएको र थप नयाँ बन्दै गरेको, कारागार भित्र मानव अधिकारको दृष्टिकोणबाट कैदी र थुनुवाहरुले पाउँनु पर्ने न्युनतम सुविधाहरु प्राप्त रहेको, सवारी साधन सुरक्षा दरवन्दी, कम्पाण्ड वाल लगायतको राम्रो व्यवस्था रहेको पाइयो । तर खानेपानीमा आर्सेनिकयुक्त भएकाले खानेपानीको स्वच्छतामा पहल गर्नुपर्ने देखिन आयो । **कारागार कार्यालय रोल्पाको** अनुगमन गर्दा असाध्यै सानो स्थानमा स-साना कोठाहरु, घाम प्रकाश नछिर्ने, भान्सा र शौचालय  असाध्यै साघुरो, व्यायम शाला, पस्तकालयको अभाव, टिनको छाना, गोलघर नभएको, कारागारको कार्यालय भाडामा संचालन भएको, क्षमता भन्दा बढी कैदी वन्दीहरु रहेको पाइन्छ । **पाल्पा जिल्लाको कारागार** भवन नयाँ व्यवस्थित हुँदै गरेको र कारागार भित्र मानव अधिकारको दृष्टिकोणबाट कैदी र थुनुवाहरुले पाउँनु पर्ने न्युनतम सुविधाहरु स्कुल, शिक्षा, स्वास्थ्य पुस्तकालय समेत प्राप्त रहेको, सवारी साधन सुरक्षा दरवन्दी, कम्पाण्ड वाल लगायतको राम्रो व्यवस्था रहेको पाइयो । **गुल्मी जिल्ला कारागारमा** क्षमता भन्दा बढी कैदी वन्दी रहेतापनि त्यहाँको प्रशासन र चौकीदारबाट राम्रो व्यवस्था भएको र देशका सम्पुर्ण कारागारहरुमा अनुसरण गर्नुपर्ने काष्ठ उद्योग र अन्य उद्योगहरु संचालन भएकोले विभागबाट यस्तै प्रकृतिका उद्योगहरु अन्य कारागारहरुमा समेत संचालन गर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ । **अर्घाखाँची जिल्लाको करागार** भवन पुरानो भएतापनि कारागार भित्र मानव अधिकारको दृष्टिकोणबाट कैदी र थुनुवाहरुले पाउँनु पर्ने पुस्तकालय, स्वास्थ्य समेत न्युनतम सुविधाहरु प्राप्त रहेको पाइयो ।

## ❖ निष्कर्ष एवम् सुझावः

फौजदारी कानूनको उल्लंघन गर्ने व्यक्तिलाई कारागारमा राख्नुको मुख्य उद्देश्य निजलाई सुधार गरी समाजोपयोगी नागरिकमा रुपान्तरण गरी समाजमा पुनर्स्थापना गर्नु हो । यसका लागि कारागारमा कैद भोग्दा कैदीहरुमा समाजमा पुनर्स्थापित हुनका लागि आवश्यक पर्ने ज्ञान, सीप, नैतिकता र आत्मविश्वासको विकास गरिनु जरुरी हुन्छ । वर्तमान कारागारको व्यवस्थापन, कारागारको भौतिक संरचना, त्यहाँ प्राप्त हुने सेवा सुविधा एवम् त्यहाँ गरिएका व्यवस्थाहरु र वातावरणले कैद भुक्तान गरी निस्कदा उनीहरुलाई समाजमा पुनर्स्थापित हुन असहज हुन्छ । सरोकारवाला निकायले स्रोत र साधनले धान्न सक्ने गरी कारागार सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयन नगरेसम्म उल्लेखित समस्याको समाधान हुने देखिंदैन । उल्लिखित समस्याहरुको समाधानका लागि सम्वन्धित निकायहरुवाट तत्काल र दीर्घकालमा गर्नुपर्ने सुधार कार्यका सम्वन्धमा देहाय अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

क) **कारागार कक्षको सुधारः** अनुगमनको क्रममा धेरै स्थानमा कारागार कक्षको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको देखिएको छ । कारागारमा दोहोरो हावा र पर्याप्त प्रकाश पुग्ने, कक्ष भित्रै शौचालय, स्नानकक्ष, अध्ययन कक्ष र मनोरन्जन स्थलको व्यवस्था हुनसक्ने गरी कक्षको न्यूनतम मापदण्ड सहितको कारागार निर्माण गर्न जरुरी छ । यसका लागि अन्तर्राष्ट्रिय अभ्यास समेतलाई दृष्टिगत गरी थुनुवा तथा कैदीहरुका लागि आवश्यक न्यूनतम पूर्वाधार र सुविधाको स्पष्ट मापदण्ड निर्धारण गरी लागू गर्ने ।

ख) **नयाँ मापदण्ड अनुसार भवन निर्माणः** अनुगमनको क्रममा प्रायः सबैजसो कारागार तथा हिरासत (बाँके) क्षमता भन्दा बढि व्यक्तिहरु राखेको पाइयो। सो अवस्थालाई मध्यनजर गर्दै सबै पुराना र जीर्ण कारागार रहेका जिल्लामा हाल कायम रहेका सवैकैदी तथा थुनुवालाई सहजरुपमा राख्न सकिने गरी तथा भविष्यको आवश्यकताको समेत आँकलन गरी निर्धारित

मापदण्ड अनुसार प्रथमिकताका साथ नयाँ कारागार भवन निर्माण गर्ने। साथै सुरक्षाकर्मी बस्ने ठाँउको विशेष प्राथमिकता पूर्वक व्यवस्थित गर्ने।

ग) **खानेपानी लगायतका आधारभूत वस्तुको व्यवस्था**ः मानवोचित व्यवहारको पहिलो पूर्वशर्त आधारभूत आवश्यकताको परिपूर्ति र मर्यादापूर्वक आफ्नो दैनिक जीवन चलाउन पाउने अधिकार नै हो । हाम्रो मुलुकको सामाजिक साँस्कृतिक विविधता अनुसार खानपिन एवम् रहनसहनमा पनि विविधता छ। सो विषयलाई मध्यनजर गर्दै **आफैले खाना बनाई खान चाहने विशेष अवस्थाका कैदी र थुनुवाहरुको लागि खाना पकाउने छुट्टै ठाउँ उपलब्ध गराउन आवश्यक देखिन्छ** । कारागारमा स्वच्छ पानीको पर्याप्त आपूर्तिको व्यवस्था गर्ने एवम् पिउने पानीका लागि पानी निर्मलीकरण गर्ने प्रविधि जडान गर्ने ।

घ) **कारागार स्तरोन्नति तथा कैदी बन्दीको स्थानान्तरण**ः अनुगमन गरिएका धेरैजसो कारागारको अवस्था भौतिक रुपमा जोखिमपूर्ण देखिएको छ । नियन्त्रणमा लिएको व्यक्तिको सुरक्षाको प्रत्याभूति गर्नु राज्यको कर्तव्य नै हो। त्यसैल कारागार मर्मत सुधारको लागि पर्याप्त वजेटको व्यवस्थागरी सुधार कार्य गर्ने । कारागारको क्षमता भन्दा बढी भएका कैदी र थुनुवालाई कम कैदी र थुनुवा भएको कारागारमा तथा निजहरुको पायक पर्ने स्थानमा स्थानान्तरण गर्न वा कारागार भवनको अन्य वैकल्पिक व्यवस्था (जस्तै प्रिफ्याब भवन बनाउने) गर्नुपर्ने नौवस्ता र तुलसीपुर कारागारमा प्रदेश भित्रका अन्य कारागारबाट स्थानान्तरण गर्दा केही समस्या समाधान हुने देखिन्छ ।

ङ) **गुनासो सुनुवाइको व्यवस्था**ः प्रत्येक कारागारमा सहजरुपमा कैदी र थुनुवाका गुनासो र समस्या सुनी तत्काल समाधान गर्ने समय सापेक्ष उचित प्रवन्ध मिलाउने साथै सरकारी वकील कार्यालयहरुबाट मुद्दा अन्तिम भएको जानकारी ढिलो प्राप्त हुने र पुनरावेदनबाट कैद परिवर्तन भएका कैदी पूर्जि समयमा संशोधन भई जानकारी गराउनु पर्ने देखिन्छ ।

च) **स्वास्थ्य जाँचको व्यवस्था**ः कारागारमा थुनुवाहरुको नियमित स्वास्थ्य जाँचको प्रवन्ध गर्ने, साथै स्वास्थ्यकर्मीहरुको दरवन्दी पूर्ति गर्ने र सो पूर्ति गर्न

तत्काल नसकिएमा स्थानीय अस्पतालका चिकित्सक वा निकायबाट उनीहरुको नियमित परीक्षण तथा उपचारको प्रबन्ध गर्ने । यसको अतिरिक्त ५०० जना र सो भन्दा वढी कैदी र थुनुवा रहेका कारागारहरुमा कारागार भित्रै उपचार केन्द्र सहितको चिकित्सकको व्यवस्था गर्ने । कारागारका विरामीहरुको लागि निःशुल्क औषधीको व्यवस्था हुन आवश्यक छ । साथै थुनावाट छाड्दा पनि अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई सोको अभिलेख अध्यावधिक रुपमा राख्नुपर्ने कानूनी व्यवस्थाको पूर्णपालना गर्ने र अदालतले थुनछेक आदेश गरी कारागार पठाउदा अनिवार्य कैदी /थुनुवाको **स्वास्थ्य बिमा गराई पठाउने व्यवस्था मिलाउन सकेमा उपचारमा सहजता र आर्थिक मितव्ययीता समेत हुने देखिन्छ ।**

छ) **बिरामी कैदीहरुको पृथकीकरण गरी व्यवस्थापनः** थुनुवा तथा गम्भीर रोगी, जेष्ट नागरिक, तेश्रो लिङ्गी, फरक किसिमले सक्षम वन्दीहरु, गम्भीर अपराधका कैदीहरुलाई समानताको सिद्दान्त प्रतिकूल नहुने गरी पृथकीकरण गरी राख्ने गरी तत्काल व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

ज) **शिक्षा र तालिमको व्यवस्थाः** कारागार सुधारगृहको रुपमा हुनु पर्ने हुदा कारागारमा रहेका कैदीहरुको लागि औपचारिक शिक्षा तथा सीपमूलक तालिम व्यवस्थापन गर्न आवश्यक छ । कारागारमा रहेका उर्जाशील व्यक्तिहरुलाई रोजगारमूलक तथा व्यावसायिक तालिमको व्यवस्था गरी सीपमूलक कार्यबाट आय आर्जन गर्न सक्ने बनाउने ।कैदी बन्दीले उत्पादन गरेका सामग्रीको विक्री वितरणको लागि बजारको व्यवस्था, कच्चा पदार्थको सहज आपूर्तिको व्यवस्था गरिनु उपयुक्त हुन्छ । साथै अनुशासन, आचरण र चरित्र सुधारका विषयमा योग तथा आध्यात्मिक एवं वौद्धिक ज्ञानको व्यवस्था गर्नुको साथै मनोरोग परामर्श चिकित्सकबाट विरामीहरु समेतलाई प्रशिक्षण/तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

झ) **विशेष प्रकारका कैदीहरुका लागि छुट्टै कारागारको व्यवस्थाः** मुलुकी अपराध संहिताले केही विशेष प्रकारका अपराधमा आजीवन कारावासको व्यवस्था गरेकोले त्यस्ता मुद्दामा आजीवन कैद लागेका र सुरक्षा संवेदनशीलताका आधारमा छुट्टै राख्नुपर्ने प्रकृतिका कैदीहरुलाई राख्नका लागि छुट्टै कारागारको

निर्माण गर्नुपर्ने र सो नभएमा कारागार भित्र विशेष कक्ष वा स्थानको व्यवस्था हुनु उपयुक्त हुने देखिन्छ ।

ञ) प्राय सवै कारागारहरुमा T.V. को व्यवस्था भएको तर संवेदनसिल अवस्थामा T.V. बाट प्रसारित कार्यक्रमहरुकै कारण कारागार प्रशासनलाई सुरक्षामा चुनौती देखिएकोले कारागार प्रशासनलाई उचित व्यवस्थाको निर्देशन विभागबाट समेत दिनुपर्ने देखिन्छ ।

ट) प्यारोलको लागि सिफारिस भएको ठुलो संख्या रहेकोमा समयमा निर्णय नहुँदा निरास भई बसेको र पूर्ण कैद भुक्तानी भई घर फर्कने गरेको पाइयो उचित समयमै निर्णय गर्नुपर्ने देखिन्छ ।

ठ) कारागारमा थुनुवा कैदी बन्दीहरुको लागि पुस्तकहरु नभएको कार्यालयमा न्युनतम नभई नहुने पुस्तकहरु यस मुख्य न्यायाधिवक्ताको कार्यालयले सहजीकरण गर्दै आएको छ ।

## अनुगमन कार्यक्रम सम्बन्धी संलग्न केही तस्वीरहरुः




कारागार कार्यालय नवलपरासी वर्दघाट सुस्ता पश्चिम मिति २०८३/१/३ गते ।




कारागार कार्यालय प्युठान मिति २०८२/११/२९ गते ।




कारागार कार्यालय बर्दिया मिति २०८२/१२/०५ गते ।





कारागार कार्यालय दाङ घोराही र तुलसीपुर मिति २०८२/१२/२६ गते ।




कारागार कार्यालय रोल्पा मिति २०८३/०१/११ गते ।




जिल्ला कारागार कार्यालय पाल्पा २०८३/०३/०६ गते ।




कारागार कार्यालय नौवस्ता बाँके मिति २०८२/१२/०६ गते ।



कारागार कार्यालय बाँके मिति २०८२/१२/०६ गते ।

## ३.३ प्रदेश प्यारोल तथा प्रोवेशन समिति गठन तथा संञ्चालन

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरीय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने कानुनी व्यवस्था छ। यस आ.व. कार्यविधिगत समस्याका कारण समिति गठन हुन नसकेको अवस्था छ ।

परिच्छेद-४

# अन्तरनिकाय समन्वय र सहकार्य

## ४.१ मुख्य न्यायाधिवक्ताहरुको सातौं राष्ट्रिय सम्मेलन

- मुख्य न्यायाधिवक्ताको कार्यालय सुदुरपश्चिम प्रदेश धनगढीको आयोजनामा भएको मुख्य न्यायाधिवक्ताहरुको सातौं राष्ट्रिय सम्मेलनबाट १० बुँदे घोषणा पत्र जारी गरिएको थियो ।

**मुख्य न्यायाधिवक्ताहरुको सातौं राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०८३**

प्रस्तावना

नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई प्रदान गरेको संवैधानिक जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न नेपालको संविधान तथा प्रचलित कानूनले मुख्य न्यायाधिवक्तालाई सुम्पिएको कर्तव्य र जिम्मेवारी व्यावसायिक रूपमा सम्पादन गर्ने प्रतिबद्धता प्रकट गर्दै,

व्यावसायिकताका लागि स्वतन्त्रता, इमानदारिता, स्वच्छता, पारदर्शिता, जवाफदेहिता, निष्पक्षता तथा सदाचार जस्ता मूल्य मान्यताहरुलाई मुख्य न्यायाधिवक्ताको सेवामा रूपान्तरण गरी भरोसायुक्त संगठनको रूपमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई स्थापित गर्ने अठोट गर्दै,

मुख्य न्यायाधिवक्ताहरूको छैठौ राष्ट्रिय सम्मेलन समेतबाट जारी गरेका घोषणापत्रप्रति पुनः प्रतिवद्धता व्यक्त गर्दै **"“समन्वय, सहकार्य र कानूनको प्रभावकारी कार्यान्वयन - सबल मुख्य न्यायाधिवक्ता, सुदृढ संघीय शासन”"** भन्ने नाराका साथ, सम्बत् २०८३ साल जेठ १२ र १३ गते कैलाली जिल्लाको धनगढीमा आयोजना गरिएको मुख्य न्यायाधिवक्ताहरुको सातौं राष्ट्रिय सम्मेलनका सहभागी हामी मुख्य न्यायाधिवक्ताहरू यो घोषणापत्र जारी गर्दछौं ।

१. मुख्य न्यायाधिवक्ताहरुको सातौं राष्ट्रिय सम्मेलनको उद्घाटन गरी मार्गदर्शन गर्नुहुने उद्घाटन समारोहका प्रमुख अतिथि सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाह, विशिष्ट अतिथि नेपालका माननीय महान्यायाधिवक्ता डा. श्री नारायण दत्त कंडेल, विशेष अतिथि सूदूरपश्चिम प्रदेशका माननीय सामाजिक विकास मन्त्री श्री मेघराज खड्का, जिल्ला समन्वय समिति प्रमुख श्री टिका कुमारी चौधरी, सुदुरपश्चिम प्रदेशका प्रमुख सचिव श्री बैकुण्ठ कुमार अर्याल, नायब महान्यायाधिवक्ताहरु श्री लोकराज पराजुली, श्री खेमराज ज्ञवाली, श्री उद्धव प्रसाद पुडासैनी, धनगढी उपमहानगरपालिकाका प्रमुख श्री गोपाल हमाल लगायत सम्मेलनको उद्घाटन तथा समापन समारोहमा उपस्थित विशिष्ट पदाधिकारीहरु प्रति धन्यवाद ज्ञापन गर्दै उद्घाटन तथा समापन समारोहमा सम्बोधन गर्नुहुने प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

२. नेपाल सरकारले सार्वजनिक र संस्थागत रुपमा सुझाव माग गरेको समेत परिप्रेक्ष्मा नेपालको संविधान संशोधनका लागि बहसपत्रमा समावेश गर्नको लागि संविधान संशोधनका क्षेत्र पहिचान गरेका छौं:
   क. संवैधानिक परिषद्को पुनर्संरचना,
   ख. न्यायपरिषद्को पुनर्संरचना,
   ग. संवैधानिक निकायहरुको पुनर्संरचना (सदस्य संख्या, नियुक्ति, उत्तरदायित्व/जवाफदेहिता, स्वायत्तता)
   घ. संवैधानिक अदालतको स्थापना,
   ङ. अदालतको क्षेत्राधिकार,
   च. निर्वाचन प्रणाली,
   छ. संघ र प्रदेश सभामा रहने सदस्यको संख्या,
   ज. संघीय र प्रादेशिक कार्यपालिकामा रहने सदस्यको संख्या,
   झ. स्थानीय तहको पुनर्संरचना,

ञ. संविधानको अनुसूचीहरुमा रहेका एकल र साझा अधिकार सूचीमा रहेका विषय समेत,

३. मुख्य न्यायाधिवक्ताको नियुक्ति मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, निजको पदमुक्ति मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने र निजको पदावधि मुख्यमन्त्रीको इच्छाअनुसार हुने भएबाट र मुख्य न्यायाधिवक्ता प्रदेश सरकारप्रति उत्तरदायी हुनुपर्ने अवस्था रहेको देखिन्छ । नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता महान्यायाधिवक्ताको मातहतमा रहने तथा मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहने कर्मचारीको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने प्रावधानलाई संशोधन गरी मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ताको मातहतमा रहने भन्ने व्यवस्था झिक्ने र कर्मचारीहरुको व्यवस्थापन सम्बन्धित प्रदेश सरकारबाट हुने व्यवस्था राखी संविधान संशोधन गर्न र महान्यायायाधिवक्ता एवं मुख्य न्यायाधिवक्ता बीच संविधान र कानून कार्यान्वयनका विषयमा समन्वय, सहकार्य र परामर्श गर्नुपर्ने प्रावधान राख्न अनुरोध गर्दछौं,

४. सागरनाथ वन परियोजना सम्बन्धी रिट ( ०७६-WC-०००१ र ०७६-WC-००१०) मा मिति २०८२।११।१२ मा सर्वोच्च अदालतको संवैधानिक इजलासबाट भएको फैसला समेतका आधारमा वन ऐन, २०७६ बमोजिमका केही कसूरको अनुसन्धान र न्याय निरुपण प्रदेश सरकार मातहतका अधिकारीबाट हुँदै आएको अवस्था समेतको रोहमा प्रदेश सरकार मातहतका अधिकारीबाट न्याय निरुपण हुन सक्ने फौजदारी कसूरमा मुद्दा चलाउने नचलाउने अन्तिम निर्णय गर्ने र प्रतिरक्षा गर्ने अधिकार सम्बन्धित प्रदेशको मुख्य न्यायाधिवक्ता र निजले अधिकार प्रत्यायोजन गरेका निज मातहतका अधिकृतलाई हुने गरी संविधानमा व्यवस्था गर्न अनुरोध गर्दछौं,

५. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले कसूरदारको सुधार तथा पुनर्स्थापना समेत गर्नका लागि प्रदेश सरकारको व्यवस्थापनमा कारागार सञ्चालन हुने र मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा गठन हुने प्रदेश प्रोबेशन तथा प्यारोल बोर्ड सम्बन्धी व्यवस्थाको कार्यान्वयन हुनुपर्ने आवश्यकता महशुस गर्दै सोका लागि आवश्यक पर्ने नियमावली निर्माण गर्न तथा कारागार ऐन र कारागार नियमावलीमा सोही अनुरुप संशोधन गरी शीघ्र कार्यान्वयनमा ल्याउन अनुरोध गर्दछौं,

६. मुख्य न्यायाधिवक्ताको कार्यालयबाट प्रवाह हुने सेवाहरुको प्रभावकारी व्यवस्थापनका लागि सूचना प्रविधिको उच्चतम उपयोग मार्फत सूचना आदानप्रदान गर्नुपर्ने अपरिहार्यता स्वीकार गर्दै त्यसका लागि एकिकृत तथ्यांक प्रणाली विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं,

७. सेवा कानून सम्बन्धी विवादको निरुपणको लागि स्थापित प्रशासकीय अदलातको मुकाम काठमाडौंमा रहेबाट न्यायका उपभोक्तालाई न्यायमा सहज पहुँच हुन नसकेको महसुस गर्दै न्याय प्रवाह कार्यको विकेन्द्रीकरण र न्यायमा सहज पहुँचको अधिकारको सुनिश्चितताका लागि कानूनमा आवश्यक परिमार्जन गरी प्रत्येक प्रदेशमा रहेका उच्च अदालतमा प्रशासकीय अदालतको इजलास स्थापना गर्न अनुरोध गर्दछौं,

८. कानूनको शासनको अवधारणा प्रति प्रतिबद्ध रही सदाचार, नैतिकता र निष्ठामा कुनै विचलन देखिएमा त्यस्ता घटनालाई संस्थागत रुपमै तिरस्कार गरी मुख्य न्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि जारी गरिएको आचारसंहिताको पालना गर्दै संविधान र कानूनले दिएको जिम्मेवारी पूर्ण व्यवसायिक रुपमा पुरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं,

९. प्रदेश र स्थानीय तहका कार्यालय, सामुदायिक विद्यालय, अस्पताल, खेलकूद, लगायतका निकायहरुले आफ्नो स्वामित्वमा नरहेको जग्गामा भवन निर्माण गरी कार्य सञ्चालन गरी आएको र त्यस्ता जग्गामा भवन निर्माण समेत भइरहेको हुँदा त्यस्ता जग्गाको भोगाधिकार सम्बन्धित निकायलाई उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्दछौं,

१०. मुख्य न्यायाधिवक्ताहरुको आठौं राष्ट्रिय सम्मेलन आयोजना गर्ने जिम्मेवारी मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेशलाई दिएकाछौं।

यो घोषणापत्रको जानकारी प्रत्येक मुख्य न्यायाधिवक्ताको कार्यालयले आ-आफ्नो प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सम्मेलनको आयोजक मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेशले महान्यायाधिवक्ताको कार्यालय मार्फत नेपाल सरकारलाई गराउने ।

मुख्य न्यायाधिवक्ताहरुको यो सातौं सम्मेलनको आयोजना र व्यवस्थापनमा सहयोग पुर्याउनुहुने सबै पदाधिकारी संघ संस्था, निकाय र महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

श्री ठेकेन्द्र राज जोशी,
मुख्यन्यायाधिवक्ता
सुदूरपश्चिम प्रदेश

श्री कृष्णबहादुर हमाल
मुख्य न्यायाधिवक्ता
कर्णाली प्रदेश

श्री यमलाल खनाल
मुख्य न्यायाधिवक्ता
लुम्बिनी प्रदेश

श्री चिरन्जिवी शर्मा पौडेल
मुख्य न्यायाधिवक्ता
गण्डकी प्रदेश

श्री अप्सरा बस्नेत
मुख्य न्यायाधिवक्ता
बागमती प्रदेश

डा. सुनिल रंजन सिंह
मुख्य न्यायाधिवक्ता
मधेश प्रदेश

श्री नारायण बस्ती
मुख्य न्यायाधिवक्ता
कोशी प्रदेश

इति संवत् २०८३ साल जेठ १३ गते रोज ४ शुभम् ।

३

## ४.२ अन्य प्रदेशबाट मुख्य न्यायाधिवक्ताहरुको भ्रमण

मुख्य न्यायाधिवक्ताको कार्यालय सातवटै प्रदेश सँग अनुभव आदान प्रदान तथा अध्ययन अनुसन्धान गर्ने, अन्य मुख्य न्यायाधिवक्ताको कार्यालयहरुले अवलम्वन गरेका Best practices हरुलाई  अवलम्वन गर्ने र कार्य स्थलमा देखा परेका जटिलता तथा समस्याहरुलाई समस्या समाधान गर्ने उद्देश्यले मुख्य न्यायाधिवक्ताको कार्यालयहरु कोशी प्रदेश, मधेश प्रदेश, बाग्मति प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशबाट विभिन्न मितिमा मुख्य न्यायाधिवक्ता ज्यूहरुको नेतृत्वको प्रतिनिधि मण्डलले यस कार्यालयका मुख्य न्यायाधिवक्ता सहित कार्यलयका प्रतिनिधिहरुसँग शिष्टाचार भेट गरी अन्तरक्रियात्मक छलफलहरु भएका गर्नु भएको थियो।



परिच्छेद-५

# आर्थिक अवस्था

## ५.१ आय व्ययको विवरण

बिनियोजन खर्च तर्फः

| क.स. | विवरण | ब.उ.शि.नं. | बजेट | खर्च | बाँकी | प्रगति % |
|---|---|---|---|---|---|---|
| १. | चालु | ३०१०१०११३ | १,६३,५०,०००।- | १,२१,०४,०३०.२२ | ४२,४५,९६९.७८ | ७४.०३ % |
| २. | पुँजीगत | ३०१०१०११४ | ८,००,०००।- | ६,३९,७४३।- | १,६०,२५७।- | ७९.९६ % |
| जम्मा | | | १,७१,५०,०००।- | १,२७,४३,७७३.२२ | ४४,०६,२२६.७८ | ७४.३० % |

विविध कोष तर्फः

| क.स. | विवरण | आम्दानी | खर्च | जम्मा आम्दानी | कैफियत |
|---|---|---|---|---|---|
| १. | विमा दावी रकम | १,५०,०००।- | ० | १,५०,०००।- | जेन्जी आन्दोलनको क्रममा जलेको मोटरसाईकलको विमा दावी बापत प्राप्त रकम |
| जम्मा | | १,५०,०००।- | ० | १,५०,०००।- | |

**५.२ आन्तरिक लेखापरीक्षणः** आर्थिक वर्ष २०८२।०८३ को यस कार्यालयमा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको अवस्था छ ।

**५.३ अन्तिम लेखापरीक्षण :** आर्थिक वर्ष २०८१।०८२ को यस कार्यालयमा अन्तिम लेखापरीक्षण सम्पन्न भएको छ भने आर्थिक वर्ष २०८२।०८३ को प्रतिवेदन समयसम्म अन्तिम लेखापरीक्षण भइ नसकेको अवस्था रहेको छ ।

**५.४ बेरुजुको अवस्था** : आ.व. २०७८।०७९ को म.ले.प. प्रतिवेदनबाट पर्यटन काज कार्यक्रममा प्रदेश निजामती सेवाका कर्मचारीको सेवा, शर्त र सुविधा संघीय निजामती ऐन विपरित देखिएकोले उक्त खर्चलाई नियमसम्मत मान्न नसकिएको रु.२,४५,७३०।– नियमित गर्नुपर्ने बेरुजु फर्छ्यौट प्रक्रियामा रहेको तथा आ.व. २०८१।०८२ को म.ले.प. प्रतिवेदन सम्म अन्य कुनै बेरुजु रहेको देखिदैन । आ.व. २०८२।०८३ को प्रतिवेदन अवधि सम्म अन्तिम लेखापरीक्षण भई नसकेको अवस्था छ ।

परिच्छेद-६

# मुख्य न्यायाधिवक्ता कार्यालयका सवल पक्षहरु चुनौती तथा समाधानका उपायहरु

## ६.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका सबल पक्ष

नेपालको संविधान र प्रचलित कानून बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यलयले कार्य सम्पादन गर्दै आइरहेको छ । कार्यालयका सवल पक्षहरु देहाय बमोजिम छन् ।

- प्रदेश सरकारका मन्त्रालयहरु तथा मुख्य न्यायाधिवक्ताको कार्यालय समेत यस आ.व. देखि नयाँ व्यवस्थापन सहितका भवनबाट सहज रुपमा सेवा प्रवाह भई रहेको अवस्था छ ।
- विगतका वर्षहरुमा भन्दा यस वर्ष कार्य सम्पादनलाई अझ प्रभावकारी, नतिजमूलक बनाइएको छ । सूचना प्रविधिको प्रयोग गर्दै मुख्य न्यायाधिवक्ता कार्यालयबाट प्रदान गरिने सेवालाई थप ब्यवस्थित बनाइएको छ ।
- प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सहितका कार्यालयहरुलाई संवैधानिक र कानूनी विषयहरुमा मौखिक, प्रत्यक्ष र लिखित माग भएका विषयमा तत्काल कानूनी राय सल्लाह प्रदान गर्दै आइरहको अवस्था छ ।
- प्रदेश सरकारको हकहित र सरोकार सम्मिलित विषयहरु समावेश भएका मुद्दाहरुमा सर्वोच्च अदालत सहित विभिन्न अदालतहरुमा उपस्थित भएर र Online मार्फत समेत बहस, पैरवी र प्रतिरक्षा गरिएको छ । यस वर्ष कुल फैसला भएका मुद्दाहरुमध्ये ६८ प्रतिशत मुद्दाहरुमा सफलता प्राप्त गरिएको छ ।

- प्रदेश सरकारको तर्फबाट पहिलो पटक यस आ.व. मा दुई वटा रिट सर्वोच्च अदालतमा दायर गरिएको छ ।

- मुख्य न्यायाधिवक्ताको कार्य सम्पादनलाई प्रभावकारी बनाउन प्रदेश सरकार, प्रदेश सभा सहितका विभिन्न निकायहरुसँग निरन्तर समन्वय र सहकार्य गरिरहेको अवस्था छ । प्रदेश सरकारका निकायहरुमा कानून हेर्ने जनशक्तिलाई लिखित जवाफ, कानूनी प्रतिरक्षा तथा कानुनी रायका विषयहरुमा स्तरीकरण गरी समय समयमा पुनर्ताजगि गरिएको छ ।

- महान्यायाधिवक्ताको कार्यलय तथा अन्तर प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयहरुसँग निरन्तर समन्वय गरिरहेको अवस्था छ । महान्यायाधिवक्ताको कार्यालबाट मिति २०८२ मंसिर २५ देखि २७ गते सम्ममा चितवनको सौराहामा आयोजना भएको **"समन्वय, सहकार्य र कानूनको प्रभावकारी कार्यान्वयन-सवल मुख्य न्यायाधिवक्ता, सुदृढ संघीय शासन"** विषयक मुख्य न्यायाधिवक्ताहरुसँगको अन्तरक्रिया कार्यक्रममा छलफलबाट कारागार अनुगमनको दोहोरोपन हटाई मुख्य न्यायाधिवक्ताको कार्यालयबाट गर्ने भन्ने निर्णय भए बमोजिम महान्यायाधिवक्ता कार्यालयको च.नं. १३३९ मिति २०८२/०९/२४ को पत्र अनुसार प्रदेश स्तरका कारागार कार्यालयहरु र हिरासत कक्षहरुको अनुगमन मुख्य न्यायाधिवक्ताको कार्यालयबाट गरी सोको प्रतिवेदन महान्यायाधिवक्ता कार्यालयमा समेत पठाउँने गरी प्रदेश मुख्य न्यायाधिवक्तालाई थप जिम्मेवारी थपिएको छ ।

- सर्वोच्च अदालतमा हुने बहस पैरवी र प्रतिरक्षा सहजताका लागि मुख्य न्यायाधिवक्ता कार्यालयहरुको पहलमा महान्यायाधिवक्ता कार्यालयमा मुद्दा प्रतिरक्षा तथा तयारी कक्ष उपलब्ध भएको छ तर मुख्य न्यायाधिवक्ता कार्यालयको स्रोत साधनको अभावका कारण व्यवस्थित रुपमा प्रयोग गर्न भने सकिएको छैन ।

- अदालतहरुमा वहस पैरवीको लागि मुख्य न्यायाधिवक्ताको कार्यालयमा नै वहस कक्ष स्थापना गरी अदालतहरुमा Online वहस पैरवी संचालन हुँदै आएको छ । गम्भीर प्रकृतिका र प्रदेश सरकारको हक हितमा गम्भीर असर राख्ने मुद्दाहरुमा अदालतमै उपस्थित हुनै पर्ने अवस्था बाहेकका मुद्दाहरु Online बाट वहस पैरवी हुने गरेको र आर्थिक मितव्ययी समेत भएको छ ।
- यस बिचमा प्रदेशको एकल अधिकारको अनुसूची-६ को विषयमा सर्वोच्च अदालतबाट प्रदेश सरकारको पक्षमा नजिरहरु समेत प्रतिपादन भएका छन्
- गत आ.व. हरुको तुलनामा यस आ.व.मा विषम परिस्थितका बीच मुद्दा फर्छ्यौटको प्रतिशत अधिक रहेको र जेन्जी आन्दोलन पछिका समयमा प्रदेशका अदालतहरु संचालन र व्यवस्थापन सम्बन्धमा यस कार्यालयबाट समन्वय गरिएको छ ।

## ६.२ चुनौती तथा समस्याहरु

- मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रदेश क्षेत्र अन्तर्गतमा घट्ने फौजदारी मुद्दाको अभियोजन गर्ने, नगर्ने भन्ने अधिकारको संवैधानिक स्पष्टता हुन नसकेको हुँदा यस्तो कार्यमा समेत द्विविधा परेको छ ।संविधानले प्रदेश प्रहरीको व्यवस्था गरेको छ। प्रदेश प्रहरीले अनुसन्धान गर्ने अनि संघीय वकिल कार्यालयमा कहाँ लैजाने भन्ने कुरा नमिल्दो र अव्यवहारिक देखिन्छ।
- विभिन्न निकायहरुबाट कानुनी राय माग गर्दा उक्त निकायले पुर्याउनु पर्ने रीत नपुर्याई तथा  निर्धारित ढाँचामा नआउने गरेका कारण कानूनी राय प्रदान गर्न असुविधा हुने गरेको छ।
- प्रदेशका सरकारका निकायबाट कतिपय कार्यमा कानूनद्धारा निर्दिष्ट प्रक्रिया पुरा नगरी, अधिकार क्षेत्र भन्दा बाहिर गई वा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरुप नहुने गरी निर्णय हुने र मुद्दासँग सम्बद्ध

कागजात समय भित्रै उपलब्ध नहुने हुँदा सरकारको प्रतिरक्षा गर्न कठिन हुने गरेको छ ।

- लिखित जवाफ समयमै नपठाई अन्तिम समयमा पठाउने तथा कुनै मुद्दामा जवाफ नै नलगाउने कार्यले काम गर्न असहजता रहेको । अधिकांश मुद्दा तथा रिटको लिखित जवाफमा खुलाउनु पर्ने सबै कुरा खुलाउने नगरेको र आवश्यक प्रमाण कागजातहरु समेत सामेल गरेको नदेखिँदा मुद्दाको प्रतिरक्षा सम्वन्धमा चुनौती तथा समस्या रहेको।
- प्रदेशका मुद्दाको प्रकृति अनुसार सरकारी वकिल तथा कर्मचारीको दक्षता अभिवृद्दि तथा कार्य उत्प्रेरणाका लागि पर्याप्त अवसरहरुको कमी रहेको ।

## ६.३ समस्या समाधानका लागि अपनाउनु पर्ने उपायहरु

मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गरी प्रदेश सरकारको कानूनी सल्लाहकारको भुमिका तथा प्रदेश सरकारको हक, हित र सरोकार रहेको मुद्दाको प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्वको सूनिश्चित गर्न देहायका उपायहरु अवलम्बन गर्नु उपयुक्त देखिन्छ ।

१. मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ताको मातहतमा राख्ने संवैधानिक प्रावधानलाई संशोधन गरी संघीयताको कसीमा मुख्य न्यायाधिवक्तालाई स्वतन्त्र संवैधानिक निकायका रूपमा स्थापित गर्नुपर्दछ ।

२. संबिधानसँग बाझिएका प्रदेश तथा स्थानीय तहका कानूनहरुका विरुद्धमा सर्वोच्च अदालतमा रिट दायर गर्दा वा बहस पैरवी गर्दा साझा सवालहरुमा सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरु समन्वयमा रही सामूहिक रुपमा गर्ने परिपाटीको विकास गर्नु पर्दछ।

३. नेपालको संविधानको धारा १५६ मा प्रदेश न्याय सेवा आयोगको व्यवस्था गरिएको परिप्रेक्ष्यमा प्रदेश न्याय सेवा आयोगमार्फत कर्मचारी भर्ना गरी

मुख्य न्यायाधिवक्ताको कार्यालयमा राखी संघीयताको मर्मबमोजिम प्रदेश न्याय सेवा आयोगलाई गतिशील बनाउनु पर्दछ ।

४. संविधान बमोजिम निर्माण हुने प्रदेश प्रहरी प्रशासन, शान्ति सुरक्षा र अनुसन्धान ब्युरो प्रदेशको एकल अधिकार संविधानको अनुसूची (६) मा उल्लेख भएकाले यसको कार्यान्वयन तथा त्यस्तो संरचनामा समन्वय र सहकार्यको भूमिका स्पष्ट हुनपर्दछ ।

५. मुख्य न्यायाधिवक्ताको कार्यालयले कार्यालयको आफ्नो संस्थागत क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधिको प्रयोग र विस्तार गर्ने, प्रदेश निर्मित कानुनहरूका बारेमा सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने, महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी हिरासतमा रहेका थुनुवाहरू तथा बन्दीहरू उपर मानवोचित व्यवहार भए, नभएको सम्बन्धमा अनुगमन गर्ने र बालसुधार गृहहरूको अनुगमन गरी देखिएका चुनौती तथा समस्याहरु सुधारका लागि प्रतिवेदन पेस गरी भूमिका देखाउनु पर्दछ।

६. मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रदेश क्षेत्र अन्तर्गतमा घट्ने फौजदारी मुद्दाको अभियोजन गर्ने, नगर्ने भन्ने अधिकारको संवैधानिक स्पष्टता हुन नसकेको हुँदा यस्तो कार्यमा समेत द्विविधा परेको छ। यसमा संघीय कानुनबमोजिम फौजदारी कानुनको अभियोजन महान्यायाधिवक्ताको कार्यालयबाट हुने तथा प्रदेश कानुनले सिर्जना गरेको फौजदारी कसुरउपरको अभियोजन गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई दिने हो भने संघीयतालाई अझै सार्थक बनाउन सकिन्छ ।

७. केन्द्रिय तथा जिल्ला स्तरमा न्यायिक सक्रियता र सहजताको निम्ति समन्वय समितिहरुले प्रभावकारी रुपमा कार्य गर्दै आएको परिपक्षमा प्रदेश न्याय समन्वय समितिको अवधारण विकास गर्नुपर्ने देखिन्छ ।

८. कार्यालयको नियमित कार्य प्रभावकारी रुपमा सम्पादन गर्नका लागि तथा कर्मचारीहरुको आवास समेतका लागि आवश्यक सुविधा सहित भौतिक स्रोत

साधनयुक्त भवनको व्यवस्था हुनुपर्ने तथा मुद्दाको प्रतिरक्षा गर्दा अतिरिक्त समयमा समेत मुद्दाको अध्ययन गर्नुपर्ने हुँदा मुख्य न्यायाधिवक्ता, सरकारी वकिल र अन्य कर्मचारीहरुलाई प्रोत्साहन (Insentive) भत्ता समेत उपलब्ध गराउने गरी आवश्यक कानुनी तथा बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

९. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरीय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने हुदाँ सो सम्बन्धि कार्यविधि तत्काल निर्माण गर्नुपर्ने देखिन्छ ।

१०. प्रदेश सरकारका मन्त्रालय तथा कार्यालयहरुले कानुनी राय माग गर्दा पुर्याउनुपर्ने रित तथा प्रक्रिया पुरा गरी मात्र कानुनी राय माग गर्नुपर्ने र लिखित जवाफ पेश गर्दा तोकिएको निश्चित ढाँचामा स्तरीय लिखित जवाफ तयार गरी आवश्यक पर्याप्त प्रमाणहरु समेत राखी तोकिएको म्यादभित्र लिखित जवाफ यस कार्यालयलाई उपलब्ध गराई प्रदेश सरकारको तर्फबाट यस कार्यालयले गर्ने प्रतिरक्षाको कार्यलाई सहज र प्रभावकारी बनाइनु पर्दछ ।

११. प्रदेश सरकारको तर्फबाट गरिने वहस पैरवी प्रतिरक्षा विषेश गरी सैद्धान्तिक विषयवस्तु र संघीयता लागु भएका अन्य देशहरुका कानूनहरुको तुलनात्मक अध्ययन समेतका आधारमा थप प्रभावकारी र स्तरीयता प्रदान गर्न मुख्य न्यायाधिवक्ताको कार्यालयका जनशक्तिलाई समय समयमा अन्तराष्ट्रिय अध्ययन भ्रमणको प्रबन्ध सम्बन्धित निकायबाट मिलाइनु पर्ने देखिन्छ ।

१२. कानुन र न्याय क्षेत्रलाई अनुत्पादक क्षेत्र मानी न्युन बजेट विनियोजन गर्ने र प्रदेश विकासको मापनमा मुद्दाको सफलतालाई गणना नगर्ने प्रवृतिलाई निरुत्साहित गरी निर्णयमा स्तरीयता, कानूनको शासन, मानव अधिकारको

संरक्षणबाट संघीयताको प्रभावकारी कार्यान्वयन हुने तर्फ सम्बन्धित निकायहरुको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

१३. महान्यायाधिवक्ता कार्यालयबाट प्रदेश न्यायाधिवक्ता कार्यालयमा जनशक्ति व्यवस्थापन गर्दा प्रदेश सरकारको मुद्दा मामिलाका विषयमा दक्ष जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## ६.४ निष्कर्ष

मुख्य न्यायाधिवक्ताको पद कानुनको शासन कायम गर्नका लागि प्रदेश सरकारलाई सहयोग गर्ने व्यावसायिक पद हो। यसका लागि मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ताको नियन्त्रण र अधीनमा राख्ने संवैधानिक प्रावधानलाई संशोधन गरी संघीयताको कसीमा मुख्य न्यायाधिवक्तालाई स्वतन्त्र प्रदेशस्तरीय संवैधानिक निकायका रूपमा पुनः परिभाषित गर्नुपर्ने देखिन्छ कर्मचारीलाई निरन्तर अभिमुखीकरण र विशिष्टीकरण गर्ने, मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि आवश्यक भौतिक स्रोतसाधनको व्यवस्थापन गर्ने, खास खास प्रकृतिका मुद्दामा वा आवश्यकता परेमा प्रदेश सरकार तथा प्रदेश सरकार मातहतका निकायको प्रतिरक्षा गर्न निजी कानुन व्यवसायीको समेत सेवा लिन सकिने व्यवस्था कानुनमा भएकाले त्यस्ता कानुन व्यवसायीको मापदण्ड र पारिश्रमिक सम्बन्धी व्यवस्था गर्न आवश्यक कार्य विधि निर्माण हुनुपर्ने सर्वोच्च अदालत लगायतका अदालतहरुमा प्रदेश सरकारको तर्फबाट पेश हुने लिखित जवाफहरु, निवेदनहरु, Online मार्फत दर्ता गर्ने व्यवस्था हुन सकेमा प्रदेश सरकारको अनावश्यक यातायात खर्चमा मितव्ययीत हुन गई सुशासनमा प्रभावकारीता देखिन सक्ने अवस्था छ ।


लुम्बिनी प्रदेश



# लुम्बिनी प्रदेशका प्रमुख पर्यटकीय क्षेत्रहरु



सुपादेउराली मन्दिर, अर्घाखाँची



सिस्ने हिमाल, पूर्वी रुकुम



बर्दिया राष्ट्रिय निकुञ्ज, बर्दिया



रानीमहल, पाल्पा



रेसुङ्गा मन्दिर, गुल्मी



रामग्राम स्तुप, परासी



धारापानी, दाङ



स्वर्गद्वारी मन्दिर, प्यूठान